म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष :१७ अङ्कः- १३३ २०८२ चैत २२ गते आइतबार 5 April 2026, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

## हामी नयाँ आकारमा

समृद्ध समाज राष्ट्रिय दैनिक मकवानपुरको लोकप्रिय दैनिक समाचारपत्र हो। हाम्रा पाठक, लेखक, विज्ञापनदाता, शुभेच्छुकहरु माझ हामीले चैत ३ गतेबाट ब्रोडसिट आकारमा प्रकाशन सुरु गरेका छौं। छापा पत्रकारितामा पछिल्लो समय चुनौति बढ्दो छ। तर, हामी छापा पत्रकारितालाई आम पाठक सामु विश्वसनीय र प्रभावकारी माध्यमको रुपमा स्थापित गर्ने प्रयासमा छौं। छापा पत्रकारितालाई विश्वसनीय र प्रभावकारी बनाउने अभियानमा हामी हाम्रा पाठकबाट सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं। नयाँ आकारले हाम्रा पाठकहरुलाई हामीप्रति अझ बढी आकर्षित गर्ने आशा राखेका छौं। **सम्पादक।**

# हेटौंडामा कृषि वन विज्ञानले बनाएको गेट त्रिवि वन विज्ञानले भत्कायो



जेसीबी मेसिन लगाएर गेट भत्काइँदै।

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१० मा दुई वटा विश्वविद्यालयको शिक्षालय छ। त्रिभुवन विश्वविद्यालयको वनविज्ञान अध्ययन संस्थानअन्तर्गत वन विज्ञान क्याम्पस हेटौंडा र कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत वन संकायको कार्यालय, वन विज्ञान क्याम्पस छ। दुवै संस्था प्राज्ञिक संस्था हो। संघीय सरकारले त्रिभुवन विश्वविद्यालयअन्तर्गतको हेटौंडास्थित वनविज्ञान अध्ययन संस्थान र चितवनस्थित रामपुर क्याम्पसलाई गाभेर कृषि तथा वनविज्ञान विश्वविद्यालय बनाउने निर्णय गरेको डेढ दशक हुन लाग्यो। राज्यले विशिष्ट तथा प्राविधिक विश्वविद्यालय बनाउने भनेर गरेको निर्णय प्राज्ञिक भनिएका वर्गबाटै अनेकन बहानामा अझै २ वटै विश्वविद्यालयको अस्तित्व देखिन्छ।

स्थापनाकालदेखिको विवाद बीच गत शुक्रबार दिउँसो कृषि तथा वन विज्ञान विश्वविद्यालयअन्तर्गत वन विज्ञान संकायको कार्यालयले निर्माण गरेको गेट त्रिभुवन विश्वविद्यालयअन्तर्गतको वन विज्ञान अध्ययन संस्थानअन्तर्गत वन विज्ञान क्याम्पस हेटौंडाले डोजर लगाएर भत्काइदिएको छ। कृषि तथा वन विज्ञान विश्वविद्यालयतर्फ छात्रावास, कर्मचारी आवास तथा अडिटोरियम हलतर्फ प्रवेशका लागि सहज हुने गरी निर्माण गरिएको गेट शुक्रबार दिउँसो ४ बजेर ५० मिनेटको समयमा त्रिभुवन विश्वविद्यालयको वन विज्ञान अध्ययन संस्थानअन्तर्गत वन विज्ञान क्याम्पस हेटौंडाले डोजर प्रयोग गरेर भत्काइदिएको हो।

केही दिनअघि मात्रै निर्माण गरिएको गेट त्रिवि वन विज्ञान क्याम्पसका उपप्रशासकको उपस्थितिमा डोजर लगाएर भत्काइएको हो। विश्वविद्यालय परिसरको घना जंगलमा चित्तलको बासस्थान समेत छ। पर्खाल नहुँदा चित्तलहरु विशेषगरी रातीको समयमा जंगलदेखि पूर्वतर्फको सडकमा जाने भएपछि पक्की पर्खाल समेत बनाइँदैछ। तर, प्राज्ञिक थलोमा देखिएको विवादमा त्रिवितर्फको वन विज्ञान क्याम्पस प्रशासनले जबर्जस्ती र आफ्नो अधिकारक्षेत्रभन्दा बाहिर गएर सरकारी सम्पत्तिमाथि क्षति पुऱ्याइएको छ।

अचानक गेट भत्काएपछि कृषि तथा वन विज्ञान विश्वविद्यालयतर्फ वन संकायका अधिकारीहरु शुक्रबार साँझै जिल्ला प्रशासन कार्यालय मकवानपुर पुगेर प्रमुख जिल्ला अधिकारीलाई घटनाबारे जानकारी गराएका छन्। कृषि तथा वन विज्ञान विश्वविद्यालयअन्तर्गत वन संकायका सहायक डीन ज्ञानवन्धु शर्माले कार्यालय समय सक्किनै लाग्दा एक्कासी गेट भत्काएको जानकारी दिनुभयो। गेट भत्कायो भनेपछि जिल्ला प्रशासन कार्यालयमा पुगेर प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराइएको उहाँले बताउनुभयो। केही दिनअघि मात्रै तयार भएको गेट भत्काएपछि आफूहरु अचम्ममा परेको शर्माको भनाइ छ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले घटनाबारे जानकारी प्राप्त भएको र राज्यको सम्पत्तिमाथि क्षति पुऱ्याउने जस्तो गम्भीर त्रुटी भएको थाहा पाएपछि त्रिवि वन विज्ञान क्याम्पसका प्रमुखलाई टेलिफोनमार्फत राज्यको सम्पत्ति क्षति पुऱ्याउँदा हुने कारवाहीबारे जानकारी गराएको बताउनुभयो। 'घटनाबारे थाहा पाएँ। कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत वन विज्ञान संकायका प्रतिनिधि आएर मलाई घटनाबारे जानकारी दिनुभयो', प्रमुख जिल्ला अधिकारी बसन्त अधिकीले भन्नुभयो, 'त्यसपछि मैले त्रिवितर्फको वन विज्ञान क्याम्पसका प्रमुखलाई फोन गरेर भनें। क्याम्पस प्रमुख नभएको भए पक्राउ गरिसक्थें। किन त्यसो गरेको भनें। शनिबार दिउँसो वडा प्रहरी कार्यालयमा दुबै पक्षलाई राखेर छलफल भएको छ। आइतबार दिउँसो १२ बजे मैले जिल्ला प्रशासन कार्यालयमै बोलाएको छु।'

त्रिवि वन विज्ञान अध्ययन संस्थानअन्तर्गतको वन विज्ञान क्याम्पसका प्रमुख डा. यमबहादुर केसीले गेट राख्न लागेको थाहा पाएपछि चैत १२ गते नै पत्राचार गरेर गेट नबनाउन भनिए पनि गेट बनाएपछि आफूहरुले भत्काएको स्वीकार्नुभयो। पहिले नै जानकारी गराउँदा पनि गेट हालेपछि डोजर लगाएर भत्काएको उहाँको भनाइ छ। कृषि तथा वन विज्ञान विश्वविद्यालयले निर्माण गरे पनि सरकारी सम्पत्ति नै भएको र सरकारी सम्पत्तिमा क्षति पुऱ्याउने अधिकार तपाइँलाई छ त ? भन्ने जिज्ञासामा क्याम्पस प्रमुख डा. केसीले गल्ती भएको स्वीकार्नुभयो।

## मउवासंघको साधारण सभा सम्पन्न

# हेटौंडाको मुख्य सडक १६ मिटर कायम गर्न सकिन्छ : मुख्यमन्त्री बानियाँ

समाज संवाददाता

हेटौंडा : मकवानपुर उद्योग वाणिज्य संघको ५९ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ। संघका अध्यक्ष प्रमोद सिंह रानाभाटको सभाध्यक्षता तथा बागमती प्रदेश सरकारका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यमा हेटौंडा-२ स्थित पल्पसा प्याराडाइज होटलमा शनिबार साधारणसभा सम्पन्न भएको हो।

संघको साधारणसभालाई सम्बोधन गर्दै बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले हेटौंडाको मुख्य सडक १६ मिटर बनाएर राजमार्गलाई वाइपास गर्न सकिने बताउनुभएको छ। मुख्यमन्त्री बानियाँले रातोमाटेदेखि राप्ति पुलसम्म बाइपास सडक निर्माण गर्न सकेमा मुख्य सडकलाई १६ मिटर मात्रै विस्तार गर्दा पनि पर्याप्त हुने बताउनुभयो। यसका लागि बागमती प्रदेश सरकार मन्त्रिपरिषद्बाट आवश्यक निर्णय गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभयो। सडक विस्तारका कारण विस्थापित भएका र आर्थिक मारमा परेका व्यवसायीलाई राहत दिन संविधान संशोधन गरिरहनु नपर्ने भन्दै उहाँले घर भत्किएका व्यापारीहरूको उचित व्यवस्थापन नहुँदासम्म उनीहरूको व्यावसायिक ऋणको व्याज मिनाहाका लागि सरकारसँग आग्रह गर्नुभयो।

मुख्यमन्त्री बानियाँले पछिल्लो समय जनताको आशा निराशामा परिणत भइरहेकोमा चिन्ता व्यक्त गर्दै सशस्त्र विद्रोहबाट प्राप्त गणतन्त्र नै नागरिकको शान्ति र समृद्धिको मुख्य आधार भएको दावी गर्नुभयो। उहाँले धेरै राजनीतिज्ञहरू पनि व्यवसायमा संलग्न रहेको भन्दै व्यापारमा इमान्दारिता, काँधमा जिम्मेवारी र मस्तिष्कमा समझदारी हुनु अनिवार्य रहेको बताउनुभयो। साथै, निजी सञ्चार माध्यमहरूलाई सरकारी विज्ञापन उपलब्ध नगराउने विषयमा सरकारले ठोस व्यवस्था गर्नुपर्ने र बागमती प्रदेश सरकारलाई औपचारिक परिपत्र भएमा सहकार्य गर्न आफूहरू तयार रहेको उहाँले स्पष्ट पार्नुभयो। संघ, प्रदेश र स्थानीय तीनै तहले संविधानको मर्मअनुसार कार्यशैली अपनाउनुपर्नेमा जोड दिँदै उहाँले जनताको प्रगति र समृद्धिका लागि सधैं नयाँ सरकारको साथमा रहने बताउनुभयो।

साधारणसभामा संघका अध्यक्ष रानाभाटले आर्थिक वर्ष २०८१/०८२ मा संघले गरेका गतिविधिको जानकारी गराउनुभयो। कार्यालयले योजना कार्यशाला गोष्ठी, तीनदिने नापतौल शिविर र बैंकर्ससँग बैंकिङ समस्या सम्बन्धमा छलफल लगायतका कार्यहरु गरेको अध्यक्ष रानाभाटले जानकारी दिनुभयो। कुल २ हजार २ सय ६५ जना सदस्य रहेको मकवानपुर उद्योग वाणिज्य संघ २०८२ को असार मसान्तसम्म कुल संकलित पुँजी तथा दायित्व ५ करोड १७ लाख ८९ हजार ५ सय ४१ रुपैयाँ रहेको थियो। संघले २०८२ असार मसान्तसम्म प्रत्यक्षतर्फ कुल ८५ लाख ७० हजार रुपैयाँ र अन्य शिर्षकमा १३ लाख १० हजार रुपैयाँ आम्दानी भएको जनाएको छ। यसैगरी आर्थिक वर्ष २०८१/०८२ मा संघको प्रत्यक्ष खर्च ८४ लाख १७ हजार रुपैयाँ र कर्मचारी शिर्षकमा कुल ३५ लाख ४० हजार रुपैयाँ खर्च भएको संघ आर्थिक प्रतिवेदनमा उल्लेख छ।

कार्यक्रममा बागमती प्रदेश सभा सदस्य एकालाल श्रेष्ठ, भारती पाठक, प्रेम बहादुर पुलामी, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, संघका पूर्व अध्यक्ष एवम् केन्द्रीय सदस्य कृष्ण कटुवाल, राजकुमार न्यौपाने लगायतका अतिथिहरूको उपस्थिति रहेको थियो। २०१८ सालमा 'हेटौंडा व्यापार संघ' को रुपमा स्थापना भएको यो संस्था 'मकवानपुर उद्योग व्यापार संघ' हुँदै २०२५ सालमा 'मकवानपुर उद्योग वाणिज्य संघ' नामाकरण भई हाल क्रियाशील रहेको छ।

## बागमतीको आवासीय विद्यालय कार्यक्रम

# न मुल्यांकन, न विस्तार

# हेटौंडा : बागमती प्रदेश

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सरकारले शैक्षिक गुणस्तर वृद्धिका लागि आंशिक रुपमा ५ वटा विद्यालयमा संचालन गरेको छ। चितवन, धादिङ, सिन्धुली, दोलखा र सिन्धुपाल्चोक जिल्लाका एक/एक वटा विद्यालयमा संचालित आवासीय विद्यालय कार्यक्रम मार्फत् कुल ६६२ विद्यार्थीलाई सहभागी गराइएको छ।

प्रदेश सरकारले लोपोन्मुख तथा अति सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा पहुँच पुऱ्याउने उद्देश्यले सुरु गरेको 'आवासीय विद्यालय कार्यक्रम' लक्ष्य अनुरुप विस्तार हुन सकेको छैन। कार्यक्रम सुरु भएपनि प्रभावकारिता र नतिजाबारे पनि अध्ययन हुन सकेको छैन। उक्त कार्यक्रमको प्रभावकारिता बारे सामाजिक विकास मन्त्रालय नै बेखबर देखिन्छ।

बागमती प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८२/०८३ को नीति तथथा कार्यक्रमको बुँदा नम्बर ६४ मा लोपोन्मुख र अति सिमान्तकृत समुदायका बालबालिकाहरुको पहुँच र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सामुदायिक विद्यालयमा आवासीय कार्यक्रमलाई निरन्तरता दिँदै स्थानीय तहको साझेदारीमा आवश्यकताअनुसार आवासीय विद्यालय विस्तार गरिनेछ। अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयनमा तहगत सरकारसँग सहकार्य गरिनेछ भन्ने उल्लेख छ।

प्रदेश सरकारको बजेट वक्तव्यको बुँदा नम्बर १२७ मा स्थानीय तहको साझेदारीमा हाल सञ्चालनमा रहेका सामुदायिक विद्यालयका आवासीय कार्यक्रमलाई निरन्तरता दिइनेछ। लोपोन्मुख र अति सीमान्तकृत समुदायका जिरेल, सुरेल, थामी, चेपाङ, माझी, दनुवार लगायतका बालबालिकाहरुको अनिवार्य तथा निःशुल्क शिक्षामा पहुँच अभिवृद्धि गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिनेछ भन्ने उल्लेख छ। हरेक वर्ष प्रदेश सरकारको नीति कार्यक्रम र बजेटमा उक्त विषय समेटिए पनि हालसम्म न सो कार्यक्रम विस्तार हुन सकेको छ न नै सो कार्यक्रमको प्रभावकारिता र उपलब्धीको मापन हुन सकेको छ। विद्यालयको गुणस्तर वृद्धिका लागि आवासीय विद्यालयको मोडलमा अघि बढ्न सरकारको रणनीति कार्यान्वयनमा भने कमजोर देखिन्छ।

प्रदेश सरकारले सो कार्यक्रमलाई 'निरन्तरता र विस्तार' गर्ने नीति लिए पनि हालसम्म ५ जिल्लाका ६ वटा विद्यालयमा मात्र यो सीमित छ। सिन्धुलीको जनजागरण मावि, दोलखाको नीलकण्ठेश्वरी, सिन्धुपाल्चोकको रत्नराज्य, धादिङको शंखादेवी र चितवनको राष्ट्रिय मावि मजवाडमा मात्र यो कार्यक्रम सञ्चालित छ। बागमती प्रदेशका १३ वटै जिल्लाका अति सीमान्तकृत समुदायसम्म सो कार्यक्रम पुग्न सकेको छैन। यस वर्ष दोलखाको सिमान्तकृत सुरेल समुदायका लागि एउटा विद्यालय थप्ने योजना बने पनि विस्तार हुन सकेको छैन। कार्यक्रमको विस्तार तथा विद्यालयलाई आवासीय ढंगबाट संचालन गर्न मन्त्रालयको ठोस प्रगति देखिँदैन।

### न तथ्यांक, न प्रभावकारिताको अध्ययन

प्रदेशको ५ वटा विद्यालयमा संचालित उक्त कार्यक्रमको अवस्था बारे मन्त्रालयसँग कुनै तथ्यांक छैन। मन्त्रालयसँग हाल सञ्चालित विद्यालयको नाम र विद्यार्थी संख्या बाहेक कार्यक्रमको नतिजा बारे कुनै ठोस तथ्यांक उपलब्ध गराउने अवस्थामा देखिदैन। कार्यक्रमले विद्यार्थीको शैक्षिकस्तरमा कस्तो सुधार ल्यायो वा बजेटको सदुपयोग भयो कि भएन भन्नेबारे मन्त्रालयले हालसम्म कुनै पनि प्रभावकारिता अध्ययन गरेको छैन। मन्त्रालयमा सूचना अधिकारी चन्द्र श्रेष्ठका अनुसार सामाजिक विकास कार्यालयहरु मार्फत् कार्यान्वयन भइरहेको उक्त कार्यक्रमको मुल्यांकन प्राप्त भएको छैन। सीमित विद्यार्थीहरुले सो कार्यक्रम मार्फत् सेवा लिइरहेका र सो बारेमा मन्त्रालयले विद्यालयको नतिजा र मुल्यांकन नगरेको उनले बताए।

सामाजिक विकास मन्त्रालयका सचिव खुविराम अधिकारीका अनुसार आर्थिक वर्ष २०७६/७७ बाट सुरु भएको यस कार्यक्रम अन्तर्गत सुरुमा प्रतिविद्यार्थी वार्षिक ४० हजार रुपैयाँ अनुदान दिइने गरिएको थियो। सचिव अधिकारीले लोपोन्मुख र सीमान्तकृत समुदायका बालबालिकालाई लक्षित गरी १० महिनाका लागि प्रतिविद्यार्थी उक्त रकम आवास, खाजा र खानाका लागि उपलब्ध गराइएको बताए। हाल उक्त रकम वृद्धि गरी ५० हजार पुऱ्याइएको सचिव अधिकारीले बताए। तर, बजेट कार्यान्वयनको सम्पूर्ण जिम्मेवारी सम्बन्धित विद्यालयलाई नै छोडिएको उनले बताए।

संघीय सरकारले हिमाली क्षेत्रका आवासीय विद्यालयका लागि तय गरेको मापदण्डलाई नै प्रदेश सरकारले आधार मानेर सो कार्यक्रम कार्यान्वयन गर्दै आएको उनले

...बाँकी पृष्ठ ३ मा



## सम्पादकीय

# पेट्रोलियम पदार्थको मूल्यवृद्धि

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलमा देखिएको अस्थिरता, आपूर्ति शृङ्खलामा आएको दबाब र भूराजनीतिक तनावका कारण विश्वभर ऊर्जा मूल्य फेरि एकपटक उकालो लागेको छ । यसको प्रत्यक्ष असर नेपालजस्ता आयात-निर्भर मुलुकमा गहिरो रुपमा परेको छ, जहाँ पेट्रोलियम पदार्थ सम्पूर्ण अर्थतन्त्रको मूल्य संरचनासँग प्रत्यक्ष रुपमा जोडिएको छ । नेपाल आयल निगमले पछिल्ला दिनमा पेट्रोलको मूल्यमा गरेको वृद्धि केवल घरेलु निर्णयको परिणाम होइन, बरु बाह्य बजारको दबाबको अनिवार्य प्रतिबिम्ब हो । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यवृद्धि हुँदा त्यसको भार ढुवानी लागत, बीमा शुल्क र विदेशी मुद्राको विनिमय दरसम्म फैलिन्छ । यी सबै पक्ष जोडिँदा अन्ततः उपभोक्ताले नै मूल्यवृद्धिको बोझ बोक्नुपर्छ ।

दुई साताअघि इन्धनको मूल्य हालको तुलनामा उल्लेख्य रुपमा फरक रहेको देखिएको छ । नेपाल आयल निगमले मार्च अन्त्यतिर मूल्यवृद्धि गर्नुअघि पेट्रोल, डिजेल तथा मटितेलको दर कम थियो । निगमले मार्च २६, २०२६ मा प्रतिलिटर १५ रुपैयाँले मूल्य बढाएपछि हालको दर कायम भएको हो । त्यसअघि पेट्रोलको मूल्य करिब १७२ रुपैयाँ प्रति लिटर रहेको थियो भने डिजेल र मटितेलको मूल्य करिब १५२ रुपैयाँ प्रति लिटर थियो । मूल्य वृद्धिपछि भने पेट्रोलको दर करिब २०२ रुपैयाँ प्रति लिटर र डिजेल तथा मटितेलको दर करिब १८२ रुपैयाँ प्रतिलिटर पुगेको छ । यसैबीच, खाना पकाउने एलपी ग्यासको मूल्यमा भने उक्त अवधिमा खासै परिवर्तन भएको देखिँदैन । ग्यासको मूल्य प्रति सिलिन्डर करिब १,९१० रुपैयाँकै हाराहारीमा स्थिर रहेको छ । इन्धनको मूल्य वृद्धि सँगै बजारमा ढुवानी लागत बढ्ने र त्यसको असर उपभोक्ता मूल्यमा समेत पर्ने सम्भावना रहने भएकाले आम उपभोक्ता प्रभावित भएका छन् । हवाइ इन्धनको मूल्य पनि आकाशिएको छ । तर, प्रश्न केवल मूल्य बढ्यो वा घट्यो भन्नेमा सीमित रहँदैन । प्रश्न यो हो, हामीले दीर्घकालीन ऊर्जा रणनीतिमा कति तयारी गरेका छौं ? वर्षौंदेखि ऊर्जा आत्मनिर्भरता र वैकल्पिक ऊर्जाको चर्चा हुँदै आए पनि व्यवहारिक कार्यान्वयन अपेक्षित गतिमा अघि बढ्न सकेको छैन । फलस्वरूप, अन्तर्राष्ट्रिय बजारको सानो हलचलले पनि नेपाली उपभोक्ताको घरायसी बजेटदेखि सार्वजनिक यातायातसम्म असर पार्ने अवस्था कायम छ ।

सरकार र सम्बन्धित निकायले मूल्य समायोजनलाई मात्र समाधानको रूपमा हेर्नु पर्याप्त हुँदैन । पेट्रोलियम आयातमा निर्भरता घटाउन नवीकरणीय ऊर्जा, विद्युतीय यातायात र दीर्घकालीन पूर्वाधारमा लगानी तीव्र पार्नु आजको आवश्यकता हो । साथै, मूल्य निर्धारण प्रक्रियामा पारदर्शिता र स्वचालित मूल्य प्रणालीलाई अझ मजबुत बनाउन सके जनविश्वास कायम राख्न सकिन्छ । अन्ततः, पेट्रोलको मूल्य वृद्धि केवल आर्थिक विषय होइन, यो नीतिगत कमजोरी र दीर्घदृष्टिको अभावसँग पनि जोडिएको संकेत हो । अन्तर्राष्ट्रिय बजारको प्रभावबाट पूर्ण रुपमा टाढा रहन नसके पनि त्यसको असर कम गर्ने उपाय खोज्नु सरकारको प्राथमिक दायित्व हुनुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क: ९७४५०२८५५५

- **मेष** : निर्णयात्मक क्षमतामा कमजोर रहने छ ।
- **वृष** : बिगतको कामको रकम हातपर्ने समय छ ।
- **मिथुन** : निर्णय क्षमतामा वृद्धि हुने समय छ ।
- **कर्कट** : मनमा भारी र शरीरमा अल्छीपन बढ्ला ।
- **सिंह** : परम्पराप्रति जिम्मेवार बनिने समय छ ।
- **कन्या** : सामाजिक काममा मन जाने योग देखिन्छ ।
- **तुला** : परोपकारी र सामाजिक गतिविधिमा मन जाला ।
- **वृश्चिक** : शारीरिक र मानसिक तनाव बढ्न सक्छ ।
- **धनु** : घुमघाम र भेटघाटमा समय व्यतित होला ।
- **मकर** : प्रशासनिक काममा सफलता प्राप्त होला ।
- **कुम्भ** : स्वास्थ्यप्रति बेवास्ता नगर्दा राम्रो रहने छ ।
- **मीन** : निर्णयात्मक काममा ध्यान केन्द्रित नहोला ।

# दलित समुदायसँग राज्यको क्षमायाचना र नयाँ नेपालको सम्भावना

**यस्तो क्षमायाचनाले केवल विगतलाई स्वीकार मात्र गर्दैन, भविष्यमा पुन: त्यस्तो अन्याय नदोहरिने प्रतिबद्धता पनि व्यक्त गर्छ । यसले राज्यप्रति नागरिकको विश्वास पुनःस्थापित गर्न मद्दत गर्छ र सामाजिक मेलमिलापको आधार तयार गर्छ ।**



**✍बिशभ अधिकारी**

नेपालको वर्तमान राजनीतिक परिवेशमा बालेन्द्र शाह नेतृत्वको सरकारले दलित तथा ऐतिहासिक रूपमा बहिष्कृत समुदायसँग औपचारिक रूपमा क्षमायाचना गर्ने पहल गर्नु एउटा साधारण राजनीतिक घोषणा होइन । राज्य समाज सम्बन्धको पुनर्संरचना गर्ने गहिरो ऐतिहासिक क्षण हो । सयौं वर्षदेखि नेपालमा कायम रहेको जातीय संरचनाले केही समुदायलाई विशेषाधिकार दिएको छ भने दलित समुदायलाई संरचनात्मक रूपमा पछाडि धकेल्दै आएको छ । मुलुकी ऐन १९१० जस्ता कानुनी संरचनाले जातीय विभेदलाई संस्थागत बनाउँदै पानी नचल्ने वर्गको रूपमा दलितलाई परिभाषित गरेको इतिहास आज पनि सामाजिक व्यवहार, अवसरको पहुँच र आत्मसम्मानमा गहिरो असरका रूपमा देखिन्छ । नेपालमा दलित समुदाय करिब १३-१४ प्रतिशत जनसंख्या रहेको भए पनि उनीहरू अझै पनि भूमि स्वामित्व, शिक्षा, रोजगारी र राजनीतिक प्रतिनिधित्वमा पछि परेका छन् । यस्तो अवस्थामा राज्यले आफ्नो ऐतिहासिक अन्याय स्वीकार गर्दै माफी माग्ने निर्णय गर्नु भनेको केवल प्रतिकात्मक कदम नभई सामाजिक न्यायको दिशामा संरचनात्मक रूपान्तरणको प्रारम्भ हो ।

राज्यले आफ्नो विगतको गल्ती स्वीकार्नु किन महत्वपूर्ण हुन्छ भन्ने कुरा बुझ्नका लागि हामीले सामाजिक न्यायको मनोवैज्ञानिक आयामलाई बुझ्न आवश्यक छ । कुनै पनि उत्पीडित समुदायका लागि सबैभन्दा ठूलो पीडा केवल आर्थिक अभाव नभई उनीहरूको पीडालाई अस्वीकार गरिनु हो । जब राज्य स्वयंले हामीबाट अन्याय भयो भनेर स्वीकार गर्छ, त्यो क्षणले पीडित समुदायलाई सम्मान र मान्यता दिन्छ । यही कारणले विश्वका धेरै देशहरूले आफ्ना ऐतिहासिक गल्तीहरू स्वीकार गर्दै औपचारिक क्षमायाचना गरेका छन् । यस्तो क्षमायाचनाले केवल विगतलाई स्वीकार मात्र गर्दैन, भविष्यमा पुनः त्यस्तो अन्याय नदोहरिने प्रतिबद्धता पनि व्यक्त गर्छ । यसले राज्यप्रति नागरिकको विश्वास पुनःस्थापित गर्न मद्दत गर्छ र सामाजिक मेलमिलापको आधार तयार गर्छ ।

अन्तर्राष्ट्रिय अनुभवले क्षमायाचनालाई नैतिक कार्यको साथ साथै राष्ट्र निर्माणको रणनीतिको रूपमा दर्साउँछ । अष्ट्रेलियाले आदिवासी समुदायमाथि गरिएको 'स्टोलन जेनेरेशन्स' नीतिका लागि सन् २००८ मा औपचारिक रूपमा माफी माग्दा त्यो क्षण केवल शब्दमा सीमित रहेन । त्यसपछि सरकारले शिक्षा, स्वास्थ्य र रोजगारीमा रहेको असमानता घटाउन 'क्लोजिङ द ग्याप' जस्ता कार्यक्रमहरू सञ्चालन गऱ्यो । यसले राज्य र आदिवासी समुदायबीचको विश्वास पुनःनिर्माण गर्न मद्दत गऱ्यो र ऐतिहासिक अन्यायलाई नीतिगत सुधारमार्फत सम्बोधन गर्ने प्रयास गरियो । यस्तै, दक्षिण अफ्रिकामा रंगभेदको अन्त्यपछि नेल्सन मण्डेलाले बदला होइन, मेलमिलापको बाटो रोज्दै 'ट्रुथ एण्ड रिकन्सिलिएशन कमिसन' स्थापना गरे । यस प्रक्रियाले अपराधको सत्य बाहिर ल्यायो, पीडितलाई सम्मान गऱ्यो र देशलाई सम्भावित गृहयुद्धबाट जोगायो । त्यसैले क्षमायाचनाले केवल विगतको घाउ निको पार्दैन, भविष्यको हिंसालाई पनि रोक्न सक्छ ।

त्यस्तै, संयुक्त राज्य अमेरिकाले दोस्रो विश्वयुद्धका बेला आफ्नै नागरिक (जापानी मूलका अमेरिकी) माथि गरिएको अन्यायका लागि सन् १९८८ मा औपचारिक माफी माग्दै आर्थिक क्षतिपूर्ति प्रदान गऱ्यो । यसले राज्यको जिम्मेवारीबोध र लोकतान्त्रिक परिपक्वतालाई स्थापित गऱ्यो । क्यानडाले पनि आदिवासी बालबालिकालाई जबर्जस्ती आवासीय विद्यालयमा राख्ने नीतिका लागि माफी माग्दै सत्य निरुपण आयोग गठन गऱ्यो, जसले उक्त नीतिलाई साँस्कृतिक संहारको रूपमा व्याख्या गऱ्यो । जर्मनीले नामिबियामा गरेको औपनिवेशिक नरसंहार स्वीकार गर्दै माफी माग्नु र सहयोगको घोषणा गर्नु पनि यही परिपक्वताको उदाहरण हो । राज्यले आफ्नो गल्ती स्वीकार गर्दा मात्र न्यायको प्रक्रिया सुरु हुन्छ ।

नेपालको सन्दर्भमा पनि यो कदमलाई यही अन्तर्राष्ट्रिय अभ्याससँग जोडेर हेर्न आवश्यक छ । यहाँको संविधानले नै ऐतिहासिक रूपमा भएका विभेदलाई स्वीकार गर्दै सामाजिक न्याय र समावेशीकरणको लक्ष्य निर्धारण गरेको छ । तर व्यवहारमा अझै पनि दलित समुदायले दैनिक जीवनमा विभेद भोग्नु परिरहेको छ । विद्यालयमा प्रवेश नपाउने, सार्वजनिक स्थानमा अपमानित हुने, रोजगारीमा अवसर नपाउने जस्ता घटनाहरू अझै पनि देखिन्छन् । त्यसैले कानूनी व्यवस्था मात्र पर्याप्त हुँदैन, राज्यको सक्रिय हस्तक्षेप आवश्यक हुन्छ । यस्तो अवस्थामा क्षमायाचनाले केवल प्रतीकात्मक न्याय मात्र नभई, नीति निर्माणको आधार पनि तयार गर्न सक्छ ।

तर यहाँ एउटा महत्वपूर्ण प्रश्न पनि उठ्छ के केवल माफीले परिवर्तन ल्याउन सक्छ ? अन्तर्राष्ट्रिय अनुभवले स्पष्ट देखाउँछ कि यदि क्षमायाचनासँगै ठोस नीति, बजेट र कार्यक्रम नआए भने यस्तो कदम कर्मकाण्डमा सीमित हुने खतरा हुन्छ । उदाहरणका लागि, अष्ट्रेलिया, क्यानडा वा दक्षिण अफ्रिकाले माफी माग्दा त्यसलाई शिक्षा, स्वास्थ्य, भूमि सुधार र राजनीतिक प्रतिनिधित्वसँग जोडेका थिए । नेपालमा पनि यदि दलित समुदायका लागि भूमि पहुँच, गुणस्तरीय शिक्षा, रोजगारीको ग्यारेन्टी र राजनीतिक सशक्तीकरणका कार्यक्रमहरू ल्याइएन भने यो ऐतिहासिक निर्णयको प्रभाव सीमित हुन सक्छ । त्यसैले अहिलेको आवश्यकता केवल क्षमायाचनामा मात्र होइन, त्यसपछि आउने नीतिगत कार्यान्वयनमा छ ।

यस सन्दर्भमा बालेन्द्र शाह नेतृत्वको सरकारले ल्याएको यो पहललाई सकारात्मक रूपमा लिनुपर्छ । यसले नेपाली राज्यको मनोविज्ञानमा परिवर्तनको संकेत दिन्छ, जहाँ राज्य अब आफ्नो गल्ती स्वीकार्न तयार देखिन्छ । यो कदमले दलित समुदायमा आत्मसम्मानको भावना बढाउने, राज्यप्रति विश्वास पुनःस्थापित गर्ने र सामाजिक एकताको आधार बलियो बनाउने सम्भावना बोकेको छ । साथै, यसले नेपाललाई अन्तर्राष्ट्रियस्तरमा पनि एउटा जिम्मेवार र परिपक्व राष्ट्रको रूपमा प्रस्तुत गर्न सक्छ ।

कुनै पनि राष्ट्र केवल भौगोलिक सीमाले बनेको हुँदैन, त्यो साझा स्मृति, पीडा र आशाको आधारमा बनेको हुन्छ । नेपालले यदि आफ्नो विगतको अन्यायलाई स्वीकार गर्दै समावेशी भविष्य निर्माण गर्न सक्छ भने मात्र साँचो अर्थमा लोकतान्त्रिक र न्यायपूर्ण समाज निर्माण सम्भव हुन्छ ।

दलित समुदायसँग गरिएको क्षमायाचनाको पहल यही दिशातर्फको पहिलो पाइला हो तर यात्रा अझै बाँकी छ । यो कदम सफल हुन्छ वा असफल, त्यो अब राज्यको प्रतिबद्धता, नीतिगत स्पष्टता र कार्यान्वयन क्षमतामा निर्भर रहनेछ ।

# नेतृत्व केवल के गर्छ भन्नेले होइन, कसरी देखिन्छ भन्नेले पनि राष्ट्रको शक्ति निर्धारण गर्छ



**✍टार्जन कुँवर**




मिति २०८२ फागुन २१ गतेको सम्पन्न निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले प्रत्यक्षतर्फ १२५ र समानुपातिकतर्फ ५७ सिट गरी १८२ सिट बहुमत प्राप्रुत गरी उक्त पार्टीले बहुमतको सरकार गठन गरिएकोमा गृहमन्त्री जस्तो गरिमामय पदमा माननीय श्री सुदन गुरुङ्ग ज्यूले गृह मन्त्रालयको जिम्मेवारी सम्हाल्नु भएको छ तर देशको गृहमन्त्री माननीय श्री सुदन गुरुङ ज्यूले हालै सार्वजनिक गरिएको एउटा साधारण देखिने तस्बिरले वास्तवमा गहिरो राजनीतिक, कूटनीतिक र मनोवैज्ञानिक बहस जन्माएको छ । किनकि आधुनिक राज्य व्यवस्थामा शक्ति केवल नीतिगत निर्णय, कानुनी संरचना वा प्रशासनिक क्षमतामा मात्र सीमित हुँदैन, बरु त्यो नेतृत्वको व्यवहार, प्रस्तुतीकरण, अनुशासन र प्रतीकात्मक सन्देशमार्फत पनि अभिव्यक्त हुन जान्छ, जहाँ राज्य आफ्ना प्रतिनिधिहरूमार्फत नै विश्वसामु देखिने हुँदा गृहमन्त्री जस्तो संवेदनशील पदमा बसेको व्यक्तिको हरेक सार्वजनिक अभिव्यक्ति व्यक्तिगत नभई संस्थागत र राष्ट्रिय छविसँग गाँसिएको हुन्छ, यस अर्थमा जनतासँग नजिक देखिन खोज्ने सरलता सकारात्मक भएपनि अत्यधिक अनौपचारिक प्रस्तुतीकरणले नेतृत्वको अधिकारिकता (authority), राज्यको गरिमा (dignity) र संस्थागत अनुशासनमाथि प्रश्न उठाउन सक्छ, किनकि लोकतन्त्रमा जनता र नेतृत्वबीचको सम्बन्ध सन्तुलित हुनुपर्छ, पूर्ण दूरीले निरंकुशता जन्माउन सक्छ भने अत्यधिक नजिकिनुले नेतृत्वको प्रभावकारिता घटाउन सक्छ, यसै सन्दर्भमा प्रोटोकल कुनै औपचारिकता मात्र नभई राज्यको आत्मसम्मान, शक्ति र कूटनीतिक संकेतको माध्यम हो, जसको उल्लङ्घनले अन्तर्राष्ट्रिय समुदायमा देशको परिपक्वता र विश्वसनीयतामाथि नै नकारात्मक सन्देश दिन सक्छ, जहाँ विदेशी कूटनीतिज्ञ र लगानीकर्ताहरूले नेतृत्वको व्यवहारबाटै राज्यको स्थायित्व, निर्णय क्षमता र संस्थागत मजबुतीको आकलन गर्ने भएकाले "धारणना नै शक्ति हो (perception is power)" भन्ने सिद्धान्त झन् सान्दर्भिक हुन्छ, विशेषतः नेपाल जस्तो संक्रमणकालीन लोकतन्त्रमा जहाँ संस्थागत संस्कार अझै पूर्ण रूपमा स्थापित भइसकेको छैन, त्यहाँ नेतृत्वको प्रत्येक सार्वजनिक प्रस्तुति राज्यको समग्र छविसँग जोडिन्छ, यसबीच अर्को महत्वपूर्ण पक्ष "populist optics" जुन जनतालाई प्रभावित गर्न कामभन्दा "कसरी देखिन्छ" भन्ने कुरामा जोड दिनु नै populist optics हो) र अर्कोतिर "कतबतभअचबात" अर्थात (देशलाई सफल रूपमा शासन गर्ने सम्पूर्ण कला, रणनीति र निर्णय क्षमता नै statecraft हो) यसरी Populist optics र statecraft बीचको द्वन्द्व पनि हो, जहाँ नेता जनतासँग भावनात्मक रूपमा जोडिन प्रतीकात्मक दृश्य र सन्देश प्रयोग गर्छन् तर दीर्घकालीन रूपमा प्रभावकारी शासनका लागि भावनात्मक प्रस्तुतीकरणभन्दा रणनीतिक सोच, अनुशासन र कूटनीतिक संवेदनशीलता आवश्यक पर्छ, किनकि जब राजनीति प्रदर्शनमुखी (performative) बन्छ तब वास्तविक नीतिगत काम ओझेलमा पर्न सक्छ र राज्यको संस्थागत संरचना कमजोर बन्न सक्छ, अझ गम्भीर पक्ष सुरक्षा आयाम हो, जहाँ गृहमन्त्रीको व्यक्तिगत गतिविधि, स्थान र अवस्था पनि संवेदनशील सूचना हुन सक्छ र यसको अनियन्त्रित सार्वजनिकता राज्यको सुरक्षा दृष्टिले जोखिमपूर्ण हुन सक्छ, अन्तर्राष्ट्रिय अभ्यासमा सुरक्षा सम्बन्धी नेतृत्व सधैं संयमित, सतर्क र नियन्त्रणमा देखिने कारणहरु पनि यही हो, यसरी नेतृत्वको अत्यधिक अनौपचारिकीकरणले "informalization या power अर्थात (informalization या power भनेको राज्य शक्ति नियम र संस्थाबाट हटेर व्यक्ति, सम्बन्ध र अनौपचारिक प्रभावमा केन्द्रित हुनु हो, जसले दीर्घकालमा राज्यको संस्थागत क्षमता कमजोर बनाउँछ" निम्त्याउँछ जसले नियम र संस्थाभन्दा व्यक्तिलाई ठूलो बनाउँछ र अन्तत् राज्यलाई "soft state अर्थात (Soft state भन्नाले यस्तो देश वा शासन प्रणालीलाई जनाइन्छ जहाँ कानून, नीति र संस्थाहरू त हुन्छन् तर ती प्रभावकारी रूपमा लागू हुँदैनन् वा कागजमा नियम बलियो हुन्छ, तर व्यवहारमा लागू कमजोर हुन्छ भने त्यस्तो राज्यलाई कयात state भनिन्छ") त्यसैले क्यात कतबतभ तर्फ धकेल्न सक्छ जहाँ अधिकार त हुन्छ तर प्रभाव कमजोर हुन्छ, यस्तो अवस्थाबाट बच्न "dignified democracy अर्थात यस्तो लोकतान्त्रिक प्रणाली हो जहाँ स्वतन्त्रता, सहभागिता र अधिकारसँगै राज्यको गरिमा, संस्थागत अनुशासन र राजनीतिक मर्यादा पनि बराबर रूपमा सुरक्षित हुन्छ) dignified democracy को अवधारणा आवश्यक रहन्छ, जहाँ लोकतान्त्रिक सरलता र राज्यको गरिमाबीच सन्तुलन कायम गरिन्छ, जसका लागि नेताहरूले सामाजिक सञ्जाललाई व्यक्तिगत अभिव्यक्तिको माध्यम होइन सार्वजनिक जिम्मेवारीको उपकरणका रूपमा बुझ्नुपर्छ, आफ्नो हरेक सन्देश रणनीतिक रूपमा दिनुपर्छ र प्रोटोकललाई जीवनशैलीकै हिस्सा बनाउनुपर्छ, किनकि कुनैपनि राष्ट्रको शक्ति केवल उसका नीतिहरूमा होइन, त्यसलाई प्रतिनिधित्व गर्ने नेतृत्वको अनुशासन, प्रस्तुतीकरण र व्यवहारमा निहित हुन्छ र यही सन्दर्भमा देशले यदि विश्वमञ्चमा सम्मानित, विश्वसनीय र प्रभावशाली राष्ट्रका रूपमा आफूलाई स्थापित गर्न चाहन्छ भने यसको नेतृत्वले व्यक्तिगत सरलता र संस्थागत मर्यादाबीच सन्तुलन कायम गर्दै आफ्नो छविलाई पनि रणनीतिक रूपमा व्यवस्थापन गर्नैपर्छ, किनकि नेतृत्वको शैली नै अन्ततः राष्ट्रको शक्ति, विश्वसनीयता र भविष्यको आधार बन्नेनेछ। जय देश । जय नेपाल ।

# मकवानपुरमा छुट्टाछुट्टै सवारी दुर्घटनामा ५ जना घाइते

समाज संवाददाता

हेटौंडा : मकवानपुरको हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका र मनहरी गाउँपालिकामा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा ५ जना घाइते भएका छन् । शुक्रबार र शनिबार थाहा नगरपालिका, मनहरी र हेटौंडामा भएको घटनामा ५ जना घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरी गाउँपालिका-९, खरंगा क्षेत्रमा स्कार्पियो गाडी दुर्घटना हुँदा दुई जना घाइते भएका छन् । शुक्रबार राती ८ बजेर १५ मिनेटको समयमा चितवनबाट हेटौंडातर्फ जाँदै गरेको बा १५ च ६०३५ नम्बरको स्कार्पियो अत्यधिक गतिका कारण अनियन्त्रित भई सडकबाट २० मिटर तल खोल्सामा खसेर दुर्घटना भएको प्रहरीले जनाएको छ । दुर्घटनामा चालक हेटौंडा-१९, बस्तिपुरका ४० वर्षीया झलक बर्तौला र सोही गाडीमा सवार ३० वर्षीय बद्री ढकाल घाइते भएका छन् । घाइते दुबै जनाको हेटौंडास्थित सन्चो अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

त्रिभुवन राजपथ अन्तर्गत मकवानपुरको थाहा नगरपालिका-१२, टिष्टुङमा ट्रक दुर्घटना भएको छ । शनिबार बिहानको समयमा काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको बा प्र ०३-००१ ख १७५० नम्बरको खाली १२ चक्के ट्रक अगाडिको दाहिने साइडको पट्टा भाँचिएपछि अनियन्त्रित भई सडकमै पल्टिएको प्रहरीले जनाएको छ । दुर्घटनामा चालक धादिङ जिल्लाको बेनिघाटरोराङ गाउँपालिका-२, मौवाखोलाका २७ वर्षीय ध्रुव घले हाम फाल्दा दाहिने खुट्टाको पौतालामा सामान्य चोट लागेको छ । उनलाई उपचारका लागि पालुङ अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

हेटौंडा-९, सिमेन्टरोडमा दुई ट्रक ठोक्किँदा एक जना घाइते भएका छन् । शनिबार बिहानको समयमा भित्री सडक खण्डमा वनस्पतिबाट गुम्बाचोकतर्फ आउँदै गरेको ना ६ ख ४८०८ नम्बरको चामल लोड ट्रकले सडक छेउमा पार्किङ गरी राखिएको ना ६ ख १३०२ नम्बरको खाली ट्रकलाई ठक्कर दिँदा दुर्घटना भएको प्रहरीले जनाएको छ । ना ६ ख १३०२ नं.को ट्रक चालक सिमेन्टरोडका ३८ वर्षीय रामसुन्दर अधिकारी र ना ६ ख ४८०८ नम्बरको ट्रक चालक हेटौंडा-१२ का २७ वर्षीय बिष्णु नगरकोटीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटना हुँदा ४८०८ नम्बरको सह-चालकले ट्रक चलाइरहेको खुलेको छ । प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## फलफूल तथा तरकारी व्यवसायी संघमा सापकोटा

# केरा आयातमा देखिएको अवरोध हटाउन सरकारसँग माग

समाज संवाददाता

हेटौंडा : नेपाल फलफूल तथा तरकारी व्यवसायी संघ बागमती प्रदेशको प्रथम भेला शुक्रबार हेटौंडामा सम्पन्न भएको छ । कार्यक्रममा नेपाल फलफूल तथा तरकारी व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष भारत प्रसाद खतिवडाको प्रमुख आतिथ्य रहेको थियो ।

भेलाले बागमती प्रदेशको नेतृत्वका लागि नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको छ । भेलाबाट काशीराम सापकोटाको अध्यक्षतामा ९ सदस्यीय कार्यसमिति गठन गरिएको छ । समितिको सचिवमा छत्र बहादुर थिङ चयन हुनुभएको छ । नवनियुक्त नेतृत्वले प्रदेशभित्रको कृषि बजारलाई व्यवस्थित बनाउन र व्यवसायीका समस्या समाधान गर्न सक्रिय भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

**वैध रूपमा हुने केरा ढुवानीमा देखिएका कानुनी र व्यावहारिक अड्चनहरूलाई हटाई सहज वातावरण बनाउन सरकारसँग गम्भीरतापूर्वक छलफल गर्ने र रोकिएका प्रक्रियाहरू खुलाउन अनुरोध गर्ने निर्णय बैठकले गरेको छ ।**

नवनिर्वाचित समितिको शनिबार बसेको विस्तारित बैठकले केरा व्यवसायमा देखिएका जटिलताका बारेमा गम्भीर छलफल गरेको छ । बैठकले सरकारले केरा आयातमा लगाएको रोक र त्यसका कारण भइरहेको अवैध ढुवानीलाई पूर्णरूपमा नियन्त्रण गर्न माग गर्ने निर्णय गरेको छ । वैध रूपमा हुने केरा ढुवानीमा देखिएका कानुनी र व्यावहारिक अड्चनहरूलाई हटाई सहज वातावरण बनाउन सरकारसँग गम्भीरतापूर्वक छलफल गर्ने र रोकिएका प्रक्रियाहरू खुलाउन अनुरोध गर्ने निर्णय बैठकले गरेको छ ।

कार्यक्रममा बोल्दै महासंघका सचिव कृष्ण हुमागाईंले कृषिजन्य वस्तुको बजार र व्यवसायमा नीतिगत सुधारको खाँचो रहेको बताउनुभयो । उहाँले वर्तमान समयमा कृषि व्यवसायलाई सम्मानित र मर्यादित बनाउनका लागि सरकारले समयसापेक्ष नीति ल्याउनुपर्नेमा जोड दिनुभयो । व्यवसायीहरूले आफ्नै उत्पादनलाई प्राथमिकता दिँदै बजारको माग र आपूर्ति बीचको सन्तुलन मिलाउन र अवैध कारोबारलाई निरुत्साहित गर्न सबै एकजुट हुनुपर्नेमा भेलाले जोड दिएको छ ।

# कलाकारले चित्रमा उतारे माछापोखरी



समाज संवाददाता

हेटौंडा : हेटौंडा-५ स्थित मत्स्य प्रवर्द्धन एवम् संरक्षण केन्द्रमा शनिबारीय स्थलगत कला कार्यशाला सम्पन्न भएको छ । शनिबारीय स्थलगत कला कार्यशाला अभियान मकवानपुर शाखाले प्रत्येक शनिबार झैं यो शनिबार उक्त स्थानमा कार्यशाला आयोजना गरेको थियो । स्थलगत चित्रकला कार्यशालामार्फत चित्रकारहरुले माछापोखरी चित्रमा उतारेका छन् ।

कार्यशालामा ९ जना कलाकारहरूको समूहले मत्स्य केन्द्र वरपरको प्राकृतिक वातावरण र जलाशय क्षेत्रको चित्रण गरे । प्राकृतिक जलाशय र यसको वरपरको सौन्दर्यलाई चित्रकलाका माध्यमबाट प्रस्तुत गर्दै सो क्षेत्रको प्रचारप्रसार गर्ने उद्देश्यले कार्यशाला आयोजना गरिएको शाखा प्रमुख सुजन राईले जानकारी दिनुभयो । यस अभियानले हेटौंडा र आसपासका पर्यटकीय तथा प्राकृतिक क्षेत्रहरूलाई कलामार्फत चिनाउन मद्दत पुग्ने विश्वास लिइएको शाखा प्रमुख राईको भनाइ छ । यो अभियान अन्तर्गत कलाकारहरूको टोली प्रत्येक शनिबार हेटौंडाका विभिन्न प्राकृतिक तथा ऐतिहासिक स्थलहरूमा पुगेर स्थलगत चित्रकला अभ्यास गर्ने गर्दछन् ।

# १७५ जनामा मोतियाविन्दु भेटियो



*शिविरमा आँखा जाँच गरिँदै ।*

समाज संवाददाता

हेटौंडा : रोटरी क्लब अफ हेटौंडाको आयोजनामा भएको आँखा शिविरमा १७५ जना मोतियाविन्दुका बिरामी भेटिएका छन् । बुधबार, बिहीबार र शनिबार रौतहट, बारा, पर्सा र महोत्तरी जिल्लाका विभिन्न स्थानमा आयोजना भएको शिविरमा ८१५ जनाको आँखा परीक्षण गरिएकोमा १७५ जनाको मोतियाविन्दुको शल्यक्रिया गर्नुपर्ने भेटिएको रोटरी क्लब अफ हेटौंडाका अध्यक्ष प्रमेश प्रधानले जानकारी दिनुभयो ।

शनिबार बर्दिबासको प्रेमनगर र बिजुलपुरामा भएको परीक्षणमा ६२ जनामा मोतियाविन्दु भेटिएको हो । दुई स्थानमा गरी ३३० जनाको आँखा परीक्षण गरिएको थियो । बर्दिबासको प्रेमनगरमा २२० जनाको परीक्षण गरिएकोमा २७ जनामा मोतियाविन्दु भेटिएको थियो भने बिजुलपुरामा ११० जनाको आँखा परीक्षण गर्दा ३५ जनामा मोतियाविन्दु भेटिएको हो । बुधबार, बिहीबार र शनिबार रौतहट, बारा, पर्सा र महोत्तरी जिल्लाका विभिन्न स्थानमा आयोजना भएको शिविर ४८५ जनाको आँखा परीक्षण गरिएको थियो । शिविरमा ११३ जनामा मोतियाविन्दु भेटिएको रोटरी क्लबका अध्यक्ष प्रमेश प्रधानले जानकारी दिनुभयो । बुधबार रौतहटको कटरियामा भएको शिविरमा १२९ जनाको आँखा परीक्षण गरिएकोमा ४९ जनामा मोतियाविन्दुको शल्यक्रिया गर्नुपर्नेको भेटिएको हो ।

बिहीबार पर्साको जगरनाथपुरमा ११९ जनाको आँखा परीक्षण गरेकोमा १९ जनामा मोतियाविन्दुको शल्यक्रिया गर्नुपर्ने भएको छ । यस्तै बिहिबार नै बाराको कलैयामा २३७ जनाको आँखा परीक्षण गरेकोमा ४५ जनामा मोतियाविन्दुको शल्यक्रिया गर्नुपर्ने भएको छ । शिविरमा भेटिने मोतियाविन्दुका बिरामीहरूको आज आइतबार र भोलि सोमबार हेटौंडा सामुदायिक आँखा अस्पतालमा शल्यक्रिया हुनेछ । शिविर अवधिभर बिरामीहरूलाई खान, बस्न तथा आवतजावतको सम्पूर्ण सुविधा निःशुल्क प्रदान गरिने क्लबका अध्यक्ष प्रधानले जानकारी दिनुभयो । जाँच पश्चात फेला परेका सबै मोतियाविन्दुका बिरामीहरूको शल्यक्रिया गरिने उहाँको भनाइ छ ।

स्थानीयस्तरमा नियमित रूपमा यस्ता स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको रोटरी क्लब अफ हेटौंडाको यस पहलले ग्रामीण क्षेत्रका आँखाका बिरामीहरूलाई ठूलो राहत पुग्ने अपेक्षा गरिएको उहाँको भनाई छ । शिविरमा आँखा जाँचदेखि शल्यक्रियासम्मको काम हेटौंडा सामुदायिक आँखा अस्पतालका चिकित्सकहरुले गर्नेछन् ।

## न मुल्यांकन...

बताए । विद्यार्थी छनोटदेखि बजेट खर्चसम्म विद्यालयले नै गर्ने गरेका उनको भनाई छ । प्रदेश सरकारले पठाएको बजेट अपुग भएमा सोको व्यवस्थापन गर्ने दायित्व पनि विद्यालयमा नै रहने उनको भनाई छ । मन्त्रालयका सचिव अधिकारीका अनुसार चालु आर्थिक वर्षमा उक्त कार्यक्रमको बजेटमा ३० प्रतिशत कटौती हुनुले समस्या थपिएको छ । कार्यक्रम उत्साहजनक भए तापनि चालु आर्थिक वर्षमा बजेट कटौती हुँदा केही समस्या देखिएको सचिव अधिकारीको भनाई छ । बजेट अभावलाई पूर्ति गर्न मन्त्रालयले अर्थ मन्त्रालयसँग थप बजेट माग गरिरहेको र कार्यविधि अनुसार कार्यक्रमलाई निरन्तरता दिने प्रयास भइरहेको उनले बताए ।

'हामीसँग विद्यालय र विद्यार्थीको सूची त छ । तर उनीहरुको उपलब्धि र कार्यक्रमको दीर्घकालीन प्रभावबारे विस्तृत अध्ययन हुन सकेको छैन ।' उनले भने, "हामीले धादिङ र चितवनका चेपाङ, सिन्धुलीका दनुवार, दोलखाका सुरेल, थामी र जिरेल तथा सिन्धुपाल्चोकका शेर्पा लगायतका सीमान्तकृत र विपन्न समुदायका बालबालिकालाई विशेष प्राथमिकता दिएका छौं । हाम्रो विद्यालयका संरचनाहरु पनि आवाशिय छैनन् । जसले कार्यक्रम विस्तारमा चुनौती थपिएको छ । सिन्धुपाल्चोकमा निर्माण गरेको विद्यालयमा ५०० जनासम्मलाई आवासीय सुविधा दिन सकिने क्षमता रहेको छ ।'

## बुधबारे सालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

सम्पादक

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः बिहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## हेटौंडा उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## आर्थिक विकास महाशाखा (पशुपन्छी विकास शाखा)

हेटौंडा, मकवानपुर

# अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

*(प्रथम पटक सूचना प्रकाशित मितिः२०८२।१२।२२ गते)*

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखाको आ.व.२०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कार्यक्रमहरु **"हेटौडा उपमहानगरपालिका कृषि तथा पशुपालन अनुदान वितरण कार्यविधि, २०७९"** बमोजिम लागत साझेदारीमा सञ्चालन गर्न उपमहानगरपालिकाको क्षेत्र भित्रका ईच्छुक कृषक, कृषि फर्म, कृषक समूह/कृषि सहकारी तथा मिल्क एनालाईजर अनुदान कार्यक्रमको हकमा दुध संकलन, प्रशोधन र वितरण गर्ने दुग्ध सहकारी संस्था/कृषि सहकारी/बहुउद्देश्यीय सहकारी र साना किसान सहकारी संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति : २०८३।०१।०६गते) सम्ममा कार्यालय समयमा आवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी वा म्याद नाघि प्राप्त भएका निवेदन उपर कुनै कारवाही गरिने छैन ।

**तपसिल**

| क्र.सं. | कार्यक्रमको नाम | संचालन स्थान | बजेट लागत | साझेदारी प्रतिशत | साझेदार संस्था/आवेदक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पाडापाडी/गाई अनुदान | कार्यक्रम नगरभरी | २०,००,०००।- | ३० प्रतिशत | इच्छुक कृषक | |
| २ | यूवा लक्षित पशुपालन प्रवर्द्धन कार्यक्रम | नगरभरी | ९,५०,०००।- | ३० प्रतिशत | इच्छुक फर्म दर्ता भएका व्यवसायी युवाहरु | |
| ३ | वंगुर प्रवर्द्धन कार्यक्रम | नगरभरी | ५,००,०००।- | ३० प्रतिशत | इच्छुक कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारी | |
| ४ | बाखापालन प्रवर्द्धन कार्यक्रम हे-१८ | हे-१८ | ५,००,०००।- | ३० प्रतिशत | इच्छुक कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारी | |
| ५ | मिल्क एनालाईजर अनुदान कार्यक्रम | नगरभरी | १०,००,०००।- | ५० प्रतिशत | दुध संकलन, प्रशोधन र वितरण गर्ने दुग्ध सहकारी संस्था/कृषि सहकारी/बहुउद्देश्यीय सहकारी र साना किसान सहकारी संस्था | |

**आवश्यक कागजातहरूः**

**१. पाडापाडी/गाई अनुदान कार्यक्रमको हकमा**
- निवेदन, हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखामा पेश गर्नुपर्नेछ । प्रस्ताव अनुसारको लागत अनुमान ।
- कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपी ।
- सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र ।
- सम्बन्धित पशु सेवा केन्द्रको सिफारीस पत्र ।

**२. यूवा लक्षित पशुपालन कार्यक्रमको हकमा**
- निवेदन, हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखामा पेश गर्नुपर्नेछ ।
- प्रस्ताव अनुसारको लागत अनुमान ।
- व्यवसाय दर्ता प्रमाणपत्र, आ.वं. २०८१/०८२ कर चुक्ता प्रमाणपत्र, स्थायीलेखा PAN दर्ताको प्रतिलिपि ।
- कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपी ।
- सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र ।
- सम्बन्धित पशु सेवा केन्द्रको सिफारीस पत्र ।

**३. वंगुर प्रवर्द्धन कार्यक्रमको हकमा**
- निवेदन, हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखामा पेश गर्नुपर्नेछ ।
- प्रस्ताव अनुसारको लागत अनुमान ।
- इच्छुक कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारी ।
- कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपी ।
- कृषि सहकारी/समूहको हकमा, व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिप, स्थाईलेखा (PAN)को प्रतिलिप, आ.वं. २०८१/०८२ को करचुक्ताको प्रतिलिपि र कार्यक्रममा सहभागी हुने समूह/सहकारीको निर्णय प्रतिलिपि ।
- सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र ।
- सम्बन्धित पशु सेवा केन्द्रको सिफारीस पत्र ।

**४. बाखापालन प्रवर्द्धन कार्यक्रम हेटौडा-१८ को हकमा**
- निवेदन, हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखामा पेश गर्नुपर्नेछ ।
- प्रस्ताव अनुसारको लागत अनुमान ।
- कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपी ।
- कृषि सहकारी/समूहको हकमा, व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिप, स्थाईलेखा(PAN)को प्रतिलिप, आ.वं. २०८१/०८२ को करचुक्ताको प्रतिलिपि र कार्यक्रममा सहभागी हुन समूह/सहकारीको निर्णय प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र ।
- सम्बन्धित पशु सेवा केन्द्रको सिफारीस पत्र ।

**५. मिल्क एनालाईजर अनुदान कार्यक्रमको हकमा**
- निवेदन, हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखामा पेश गर्नुपर्नेछ ।
- प्रस्ताव अनुसारको लागत अनुमान ।
- दुग्ध सहकारी संस्था/कृषि सहकारी/बहुउद्देश्यीय सहकारी/साना किसान सहकारी संस्थाको संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थाईलेखा (एब्ल) को प्रतिलिपि, आ.वं. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, लेखापरीक्षण र कार्यक्रममा सहभागी हुन संचालक समितिको निर्णयको प्रतिलिपि ।
- सहकारीको वार्षिक संकलित दुधको यथार्थ परिमाण खुल्ने पत्र ।
- कार्यक्रममा सहभागिताको लागि सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र ।
- कार्यक्रममा सहभागिताको लागि सम्बन्धित पशु सेवा केन्द्रको सिफारीस पत्र ।

**नोट**: विगत ३ वर्ष देखि संघ, प्रदेश र स्थानीय सरकारबाट सम्बन्धित शिर्षकमा अनुदान नलिएको स्व-घोषणा गर्नुपर्नेछ र लाभग्राही कृषकले कुनै एउटा अनुदान कार्यक्रममा मात्र आवेदन दिन मिल्नेछ । निवेदन फारम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा हेटौंडा उपमहानगरपालिकाको कार्यालय वेवसाईट, पशुपन्छी विकास शाखा तथा पायक पर्ने नजिकको पशु सेवा केन्द्रमा सम्पर्क गर्नुहोला ।

**हेटौंडा उपमहानगरपालिका,**
**नगरकार्यपालिकाको कार्यालय**
**पशुपन्छी विकास शाखा, वा पशु सेवा केन्द्रहरू**
**सम्पर्क मो. ०५७-५२०१०२, ९८४५९६७१८०, ९७६९४२४३३५, ९८४५३१६६१८**

# हेटौंडा क्याम्पसमा कानूनको स्नातक कक्षा भोलिदेखि सुरु हुँदै


अभिमुखीकरण कार्यक्रममा सहभागी विद्यार्थीहरु ।

समाज संवाददाता

हेटौंडा : हेटौंडास्थित हेटौंडा क्याम्पमा कानून विषयको स्नातक तह (एलएलबी) को पठनपाठन भोलि आइतबारबाट सुरु हुने भएको छ । बागमती प्रदेश विश्वविद्यालय अन्तर्गत सञ्चालन हुने कानून संकायमा भर्ना भएका विद्यार्थीहरुका लागि क्याम्पसले शुक्रबार अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

हेटौंडा क्याम्पसका सहायक प्राध्यापक दिपेन्द्र ढकालका अनुसार हेटौंडा क्याम्पसमा पठनपाठन सुरुवात भएसँगै विश्वविद्यालय तहको कानून विषयको शिक्षामा पहूँच विस्तार हुनेछ । अभिमुखीकरणको क्रममा क्याम्पस प्रमुख बालकृष्ण शर्माले अहिले एलएलबीमा अध्ययन गर्न ५५ जना विद्यार्थी भर्ना भएको जानकारी दिनुभयो । अहिले क्याम्पसमा वीवीए र विएडका विभिन्न विषयमा अध्ययन भइरहेको छ । वीवीए र विएड अन्तर्गत ४५ जना विद्यार्थी छन् । आउँदो वर्ष विए एलएलवि, बिआइटी, बिएचएम लगायत विषयमा पठनपाठन हुने बताइएको छ ।

बागमती विश्वविद्यालयका उपाध्यक्ष डा. कुशुमराजको सुवेदीको प्रमुख आतिथ्यमा भएको अभिमुखीकरण कार्यक्रममा बागमती प्रदेशकी मुख्यन्यायाधिवक्ता अप्सरा बस्नेत, नेपाल वार काउन्सिलका सदस्य वरिष्ठ अधिवक्ता केशवप्रसाद काफ्ले, वडाध्यक्ष नविन सिग्देल, उच्च वार हेटौंडाका अध्यक्ष मनप्रसाद भट्टराई, व्यवस्थापन समिति सदस्य मदन दाहाल, जिल्ला वार एसोसिएसन सचिव रमिता चौलागाईं लगायतको उपस्थिति रहेको थियो । कार्यक्रम संयोजक सुजन तिमल्सिना रहनुभएको थियो भने सहजीकरण दिपेन्द्र ढकालले गर्नुभएको थियो ।

### बकैयामा व्याडमिन्टन प्रतियोगिता

# उज्वल र सहदेवको जोडी प्रथम


प्रथम र द्वितीय हुने टिम ।

समाज संवाददाता

हेटौंडा : प्रथम बकैया गाउँपालिकास्तरीय डबल 'ए' साइड व्याडमिन्टन प्रतियोगिता उज्वल दाहाल र सहदेव लामिछानेको टिम प्रथम भएको छ । बकैया-७ स्थित हात्तीखोला युवा क्लबको आयोजनामा भएको प्रतियोगितामा दाहाल र लामिछानेको टिम बकैया-११ प्रथम भएको हो ।

प्रतियोगितामा भक्त लामा र हिरालाल जिम्वाको टिम बकैया-९ द्वितीय भएको छ । प्रतियोगिता विजेता टोलीले ७ हजार रुपैयाँ र उपविजेता टोलीले ३ हजार ५ सय रुपैयाँसहित ट्र्फी, मेडेल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगिता शुक्रबार राती बकैया-७ स्थित घमनटोलमा भएको थियो । बकैया ७ नम्बर वडा कार्यालयको समन्वय तथा बकैया-७ का घमनटोल स्पोर्टस क्लबको व्यवस्थापनमा प्रतियोगिता भएको थियो ।

प्रतियोगितामा १७ वटा टोलीले सहभागिता जनाएको बकैया एथ्लेटिक्स संघका अध्यक्ष राजकुमार तिमल्सिनाले जानकारी दिनुभयो । हात्तिखोला युवा क्लबका अध्यक्ष जिकेश सापकोटाको सभाध्यक्षतामा भएको पुरस्कार वितरण समारोहमा बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्य तथा उपाध्यक्ष भक्तबहादुर खत्रीको विशिष्ट आतिथ्य रहेको थियो ।

### प्रधानमन्त्री कप क्रिकेट

# एपीएफ क्लब १० विकेटले विजयी


प्लेयर अफ द म्याच एपीएफका अभिषेक गौतमलाई ट्रफी प्रदान गरिँदै ।

समाज संवाददाता

हेटौंडा : पुरुष एकदिवसीय प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता-२०८२ अन्तर्गत विभागीय टोली नेपाल एपीएफ क्लबले शानदार जित दर्ता गरेको छ । जारी प्रतियोगितामा शनिबार भएको खेलमा एपीएफ क्लबले कर्णाली प्रदेशलाई १० विकेटले पराजित गर्दै शानदार जित दर्ता गरेको हो ।

शनिबार जनकपुरको रामजानकी क्रिकेट मैदानमा भएको खेलमा टस जितेर व्याटिङ रोजेको कर्णालीले एपीएफलाई १०८ रनको सामान्य लक्ष्य दिएको थियो । कर्णाली प्रदेश ३६ ओभरमा १०७ रनमा अलआउट भएको थियो । कर्णालीका अर्जुन घर्ती मगरले अविजित ३८ रन बनाउँदा दिपेन्द्र रावतले २५ रन बनाएर आउट भएका थिए । कर्णालीका अन्य व्याटरले राम्रो प्रदर्शन गर्न सकेनन् । एपीएफ क्लबका कमल सिंह ऐरी र अभिषेक गौतमले समान ४/४ विकेट लिएका थिए । जवाफी व्याटिङमा उत्रिएको एपीएफ क्लबले कुनै पनि विकेट नगुमाई लक्ष्य भेटायो । एपीएफ क्लब १२ ओभरमै लक्ष्य भेटाउन सफल भएको हो । एपीएफका आशिफ शेखले ६५ रन र दीपक बोहराले ४२ रन बनाएर अविजित रहे । प्लेयर अफ द म्याच एपीएफका अभिषेक गौतम घोषित भए ।

यस्तै, शनिबार वीरगन्जमा भएको अर्को खेलमा गण्डकी प्रदेशले कोशी प्रदेशलाई पराजित गरेको छ । वीरगन्जको नारायणी रङ्गशालामा भएको खेलमा गण्डकी प्रदेशले कोशी प्रदेशलाई ३९ रनले पराजित गरेको छ । टस जितेर सुरुमा व्याटिङ गरेका गण्डकीले कोशी सामु २२८ रनको लक्ष्य प्रस्तुत गरेको थियो । गण्डकी प्रदेशले निर्धारित ५० ओभरमा ७ विकेट गुमाएर २२७ रन बनाएको थियो । गण्डकीका लागि अर्जुन कुमालले अविजित १०२ रन बनाउँदा कप्तान विपिन खत्रीले ७६ रन बनाएर आउट भएका थिए । कोशीका दिपेश कँडेलले ४ विकेट लिए । गण्डकीका अर्जुन कुमाल प्लेयर अफ द म्याच घोषित भए ।

लक्ष्य पछ्याएको कोशी प्रदेश १८८ रनमै रोकियो । कोशी प्रदेशले ५० ओभरमा ९ विकेट गुमाएर १८८ रन मात्रै बनाउन सक्यो । कोशीका लागि उत्कृष्ट बलिङ गरेका कँडेलले अविजित ५२ रन बनाए भने आशिष राना मगर ३० रन बनाएर आउट भए । गण्डकीका किब्रिन श्रेष्ठले ३ विकेट, अप्रजित पौडेल र सुवास भण्डारीले समान २/२ विकेट लिएका । जारी प्रतियोगितामा हालसम्म ६ वटा खेल खेलिसक्दा एउटा पनि जित निकाल्न नसक्ने कोशी एक्लो टोली बनेको छ ।

# शिव-साबित्री स्मृति मुक्तक सम्मान कर्णालीका खत्रीलाई


सम्मानपछि खिचिएको सामूहिक तस्वीर ।

समाज संवाददाता

हेटौंडा : मकवानपुरको झरना साहित्यिक परिवारले शिव-साबित्री स्मृति मुक्तक सम्मान कर्णाली प्रदेशका साहित्यकार कर्णबहादुर खत्रीलाई प्रदान गरेको छ । झरना साहित्यिक परिवार मकवानपुरको ३२५औं साहित्य श्रृङ्खलाको अवसरमा शनिबार आयोजित ३२ औं मुक्तक साँझ २०८२ कार्यक्रमबीच खत्रीलाई सम्मान गरिएको हो ।

खत्रीलाई नगद १५ हजार ५ सय ५५ रुपैयाँसहित सम्मान गरिएको छ । २०५५ सालमा हालको रुकुम पश्चिममा जन्मनुभएका साहित्यकार खत्रीले कक्षा १२ सम्म अध्ययन गर्नुभएको छ । साहित्यको क्षेत्रमा प्रतिभावान मानिने खत्रीले मुक्तक, कविता र गीत लेखनमा कलम चलाउँदै आइरहनुभएको छ । पछिल्लो समय उहाँले गीतहरु प्रस्तुत गनूभएको छ । शनिबार कार्यक्रममा मकवानपुरमा मुक्तक कृतिहरु प्रकाशन गर्नुभएका १३ जना मुक्तककारहरुलाई पनि कार्यक्रममा सम्मान गरिएको छ । सम्मानित हुनेहरुमा साहित्यकारहरु पुरुषोत्तम आचार्य, देवराज खरेल, अनिष न्यौपाने (भावना), डिबी बर्तौला, डा. विश्वनाथ सञ्जेल, राम कार्की, बिर्खे अन्जान, दीपक गौतम, किसन पौडेल, राजबाबु पहाडी, दिनेश कुमार शर्मा, एस आर मञ्जरी ओली, सुमी थिङ रहेका छन् ।

यस्तै कार्यक्रममा झरना साहित्यिक परिवारको आयोजनामा भएको कक्षा ९ देखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरु सहभागी रहेको मुक्तक प्रतियोगितामा बकैयास्थित बुद्ध माविकी सुमिना दाहाल सर्वोत्कृष्ट हुन सफल भएकी छिन् । सानु खनाल र भवानी तिमल्सिना निर्णायक रहनुभएको प्रतियोगितामा ७ जनाले मुक्तक प्रस्तुत गरेका थिए । प्रतियोगितामा दाहालका साथै रोशिता भट्टराई, मोनिका नेगी, नम्रता पराजुली, रोसिका खनाल, स्नेहा पराजुली, स्वस्तिका माझी समावेश भएका थिए । यसअघि नै प्राप्त मुक्तकरुमध्ये उत्कृष्ट ९ वटा मुक्तकहरु प्रतियोगितामा समावेश गरिएको थियो । लुम्बिनी प्रदेशका साहित्यकार रमेश प्रदर्शनको प्रमुख आतिथ्य तथा झरना साहित्य परिवारकी अध्यक्ष गायत्री रुपाखेतीको अध्यक्षतामा भएको कार्यक्रममा झरना साहित्यिक परिवारका संस्थापक अध्यक्ष रमेशमोहन अधिकारीलगायत मकवानपुरका साहित्यकार तथा साहित्यप्रेमीहरुको उपस्थिति रहेको थियो ।

### धादिङमा यात्रुको मृत्यु

# नुवाकोटमा डुबेर बालिकाको मृत्यु

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश धादिङ र नुवाकोटमा दुई जनाको मृत्यु भएको छ । शुक्रबार धादिङको गजुरी गाउँपालिका-२ मलेखुमा उपचारको क्रममा एक भारतीय महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा भारतको चेन्नई नजिक कोयम्बटूर (कोइमुटुर) की ६० वर्षीया विजय लक्ष्मी रहेको प्रहरीले जानकारी दिएको छ ।

शुक्रबार बिहान ९ बजेको समयमा काठमाडौंबाट गोरखपुर जाँदै गरेको युपि ६५ इटि ६९६२ नम्बरको भारतीय बसमा सवार उनी अचानक चक्कर आएर बेहोस भएकी थिइन् । उनलाई मलेखुस्थित अस्पतालमा उपचारका लागि लगिएकोमा बिहान ९ बजेर १० मिनेटको समयमा चिकित्सकले उनलाई मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । प्रहरीले बस र चालकलाई नियन्त्रणमा लिएको जनाएको छ ।

यस्तै नुवाकोटको तादी गाउँपालिका-५, डोटेलबेशीमा एक बालिकाको डुबेर मृत्यु भएको छ । मृत्यु हुनेमा १० वर्षीया वर्षा राई रहेको प्रहरीले जानकारी दिएको छ । शुक्रबार साँझ ५ बजेर ३० मिनेटको समयमा ढिकुरे-गोल्फुभन्ज्याङ कच्ची सडक निर्माणका लागि पानी जमाउन खनिएको पोखरीमा डुबेको अवस्थामा फेला परेकी थिइन् । उनलाई उद्दार गरी खरानीटार अस्पताल लगिएको उपचारका क्रममा साँझ ६ बजेको समयमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

# फरार दुइजना पक्राउ

समाज संवाददाता

हेटौंडा : जिल्ला प्रहरी कार्यालयले २ जना फरार प्रतिवादीहरुलाई पक्राउ गरेको छ । जिल्ला अदालत मकवानपुरबाट विभिन्न मितिमा फैसला कार्यान्वयन अन्तर्गत कैद तथा जरिवाना सजाय तोकिएकोमा फरार रहेका हेटौंडा-११ का क्षितिज सापकोटा र बागमती गाँउपालिका-७ का अमर स्वराली मगरलाई शुक्रबार पक्राउ गरेको हो ।

सापकोटालाई ५ वटा चेक अनादर र मगरलाई बैंकिङ कसुर वापत जिल्ला अदालतले सजायको फैसला गरेकोमा फरार रहेका थिए । फरार प्रतिवादीहरुलाई जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले पक्राउ गरी आवश्यक कारबाहीका लागि मकवानपुर जिल्ला अदालतमा बुझाइएको प्रहरी नायव उपरीक्षक पुष्कर बोगटीले जानकारी दिनुभयो ।

"श्रमिक मा.वि.को इच्छा, गुणस्तरीय शिक्षा"

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

शैक्षिक सत्र २०८३ का लागि भर्ना खुल्यो

यस विद्यालयमा अँग्रेजी माध्यमको Play Group देखि Class 9 र नेपाली माध्यमको कक्षा १ देखि ९ सम्म भर्ना खुल्यो ।

भर्ना फारम वितरण मिति : २०८२ चैत २२ गतेबाट
नयाँ विद्यार्थी भर्ना मिति : २०८३ वैशाख ६ गतेबाट
प्रवेश परीक्षा मिति : २०८३ वैशाख ५ गते
कक्षा सञ्चालन मिति : २०८३ वैशाख ६ गतेबाट

हाम्रो बिशेषताहरू :

- कक्षा ९ र १० मा Smart Board मार्फत पठन-पाठनको व्यवस्था
- अधिकांश कक्षामा Projector सहितको Audio-Visual Class को व्यवस्था
- PG कक्षाका बालबालिकाको हेरचाहका लागि आयाको व्यवस्था
- पर्याप्त Indoor खेल सामग्रीसहित सार्वजनिक विद्दामा पनि PG, Nursery, LKG, UKG, 1 र 2 कक्षा सञ्चालनको व्यवस्था
- नेपाली र अङ्ग्रेजी माध्यमको लागि छुट्टै भवनको व्यवस्था
- वर्षै विद्दामा समेत पठनपाठन गरी कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षाको व्यवस्था
- क्यान्टिनको व्यवस्थासहित कक्षा ५ सम्म नि:शुल्क दिवा खाजाको व्यवस्था
- दक्ष एवम् तालिम प्राप्त शिक्षकबाट पूर्ण अङ्ग्रेजी माध्यममा पठनपाठनको व्यवस्था
- PG र Nursery कक्षाका विद्यार्थीको गतिविधि CCTV मार्फत् अभिभावकले घरबाटै निगरानी गर्ने व्यवस्था
- प्रत्येक कक्षामा Homework Board को व्यवस्था र Homework Board को फोटो Messenger Group मा पठाईने व्यवस्था ।
- अन्य कक्षामा पनि CCTV मार्फत नियमित अनुगमनको व्यवस्था
- पर्याप्त तथा स्तरीय खेलमैदान, खेल सामग्रीसहित खेलकुद प्रतियोगिताको व्यवस्था
- प्रत्येक शुक्रबार साप्ताहिक परीक्षाको व्यवस्था
- साप्ताहिक, त्रैमासिक परीक्षाको उत्तरपुस्तिका विद्यार्थी, अभिभावकले हेर्न पाउने व्यवस्था
- नियमित अतिरिक्त क्रियाकलापसहित उत्कृष्ट विद्यार्थीलाई पुरस्कारको व्यवस्था
- विद्यार्थीलाई Home-work डायरी र वार्षिक कार्ययोजनासहितको क्यालेण्डरको व्यवस्था
- प्रशिक्षकसहितको नृत्य कक्षाको व्यवस्था/शान्त तथा बालमैत्री वातावरणमा अध्ययन अध्यापनको व्यवस्था
- शैक्षिक प्रदर्शनी, खेलकुद प्रतियोगिता तथा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट नतिजा हासिल
- विद्यालय हातामा मनोरम पार्क तथा फूलबारीको व्यवस्था
- स्तरीय Science Lab. Computer Lab. र पर्याप्त पुस्तकसहितको पुस्तकालयको व्यवस्था

अंग्रेजी माध्यमतर्फ नयाँ भर्ना गर्न सकिने कक्षागत विद्यार्थी संख्या

| कक्षा | संख्या |
|---|---|
| P.G. (पिजी) | २० जना |
| Nursery | ५ जना |
| LKG | १ जना |
| UKG | ४ जना |
| 1 | ५ जना |
| 2 | १ जना |
| 3 | ५ जना |
| 4 | १५ जना |
| 5 | १५ जना |
| 6 | १४ जना |
| 7 | १३ जना |
| 8 | १६ जना |
| 9 | १५ जना |

श्री श्रमिक माध्यमिक विद्यालय
हेटौंडा-४, कर्रा, स्थापित: २०२२
थप जानकारीका लागि सम्पर्क :
९७६५९५५५२२, ९८४५१०७४२८, ९८४५२८६५६५

न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौंडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौंडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौं ।

प्रो. ज्योति रत्न बज्राचार्य
सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४

हार्दिक बधाई



हेटौंडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयको मिति २०८२ साल चैत १४ गते सम्पन्न **५८ औं अभिभावक भेला**बाट श्रमिक माध्यमिक विद्यालयका पूर्वविद्यार्थी समेत रहनुभएका इन्जिनियर **विवेक कार्की** सर्वसम्मत दोस्रो कार्यकालका लागि अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

सुरेश श्रेष्ठ, अध्यक्ष
एवम् श्रमिक मावि पूर्वविद्यार्थी समाज परिवार
हेटौंडा-४, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ